(४) उपदफा (२) र (३) बमोजिम ठेक्का बिटीरीमा लिँदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

११. **पार्किङ्ग शुल्कः** (१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची-११ मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) जीतपुरसिमरा उपमहानगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

१२. **सेवा शुल्क, दस्तुरः**(१) उपमहानगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछः

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोबीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) जीतपुरसिमरा उपमहानगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(२) उपमहानगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ"बर्गकोनिर्माणव्यवसायीइजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन् आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(३) स्थानीय सरकार संचालन ऐन २०७४को दफा ६२ (२ च) बमोजिमको सिफारिस तथा प्रमाणिकरण, घर नक्सापास, इजाजत, सरसफाई शुल्क लगायत प्रवाह हुने सेवा शुल्क, दस्तुरको दर अनुसूची-१२ मा उल्लेख भएबमोजिम हुनेछ

१३. **विक्री** :१) उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिणामबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा,गिटी, बालुवा एवम् माटोजन्य बस्तुको अनुसूची-१३ मा तोकिए बमोजिमको दरमा बिक्रि गर्न सक्नेछ ।

२) उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्रसार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि बिक्रि गर्न सक्नेछ ।

३) उपमहानगरपालिकाको स्विकृति नलिई उपदफा (१) र (२) बमोजिमको मालवस्तु उत्खनन् वा विक्री गर्न पाइने छैन ।

४) उपदफा (३) बमोजिम मालवस्तु उत्खनन् वा विक्री गरेमा देहाय बमोजिम जरिवाना हुनेछ :-

क) ट्रिपर प्रति टिप रु १०,०००।-

कृष्ण प्रसाद घोडेल
प्रमुख

ख) ट्याक्टरप्रतिटिप रु ५,०००।—

तर, दोहोरिएमा उपदफा ४) (क) र (ख) को जरिवाना रकममा प्रतिटिप ५०००।- थप जरिवाना लाग्नेछ ।

५) नदीजन्य पदार्थको अबैध उत्खनन् ओसारपोसार नियन्त्रणमा सहयोग गर्ने राष्ट्रसेवक कर्मचारीलाई जरिवाना रकमको २० प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराईनेछ ।

१४. घरजग्गा रजिष्ट्रेशन शुल्क :(१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

१५. दण्ड जरिवाना :(१) जीतपुरसिमरा उपमहानगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दरतोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) जीतपुरसिमरा उपमहानगरपालिकाले उप दफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

१६. कर छुट :(१) ठेक्का रकम एकमुष्ठ वा बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको कार्तिकमसान्त भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा सोहि महिनाको सात गते भित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१७. प्रशासकिय पुनरावेदन :(१) उपमहानगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतसमक्ष पुनरावलोकनकोलागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर पुनरावलोकनको लागिप्रमुख प्रशासकीयअधिकृतले राजस्व परामर्श समितिमा पेश गर्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपरराजस्व परामर्श समितिले पैतिस दिनभित्र छानविन तथा निर्णय गर्नेछ । राजस्व परामर्श समितिलाइ निर्णय गर्नकठिनाई भएमा कार्यपालिकामा निर्णयार्थ पेश गर्न सक्नेछ ।

डा. कृष्ण प्रसाद पौडेल
प्रमुख

१८. ठेक्का आह्वान गर्न सक्ने :(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर नगर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्नजाने अवस्थामा बढीमा २ वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिंदा आन्तरिक राजस्व कार्यालयबाट व्यक्ति वा स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था र कम्पनीले मात्र प्रतिस्पर्धा गर्नपाउने छन् ।

(३) सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्द्बोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर हाटवजार, पोखरी, पसल घर, जडिबुटी, कवाडी र जीबजन्तुकर तथा सडक उपयोग कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने भएमा नगरकार्यपालिकाबाट निर्णय गराई ठेक्कामा संकलन गर्नसकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्नेजस्ता विषयहरुप्रचलित कानुन बमोजिम हुनेछ । कानुनमा नभएको प्रावधानको सम्वन्धमा नगर कार्यपालिकाको निर्णयानुसारहुनेछ ।

१९. सहयोग गर्नुपर्ने :संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले उपमहानगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२०. प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :उपमहानगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२१. कर संकलनको लागि सेवा रोक्न सक्ने:(१) उपमहानगरपालिकाले निर्धारण गरेको कर तोकिएको समयमा दाखिला नगरेमा नेपाली नागरिकताको प्रमाण पत्र लिने सिफारिश बाहेकका अन्य सबै सेवा प्रवाह रोक्का गरी कर संकलन गर्न सकिनेछ.

२)उपमहानगरपालिकामा विभिन्न प्रकारका कर तथा शुल्क भुक्तानी गर्नुपर्ने दायित्व भएको व्यक्तिले अन्य कर भुक्तानी नगरी सम्पत्ति कर तिर्न नपाउने गर्न सकिनेछ.

३)सेवा प्रवाहको मुख्य थलो वँडा कार्यालय भएको कारणले नगर स्तरीय कर चुक्ताको प्रमाण कागज संलग्न नभएसम्म वडा कार्यालयले सेवा प्रवाह गर्ने छैनन् । कर असुली र कर प्रशासनमा सघाउनु वडा अध्ययक्ष तथा वडा कार्यालयको कर्तब्य हुनेछ ।

२२. नगरस्तरीय कर चुक्ता प्रमाण पत्र जारी गर्ने:(१)उपमहानगरपालिकामा दर्ता भै व्यवसाय गर्ने करदाताहरुलाई नेपाल सरकारको कर कार्यालयबाट कर चुक्ता प्रमाण पत्र लिनु पूर्व उपमहानगरपालिकाबाट कर चुक्ताको प्रमाण पत्र लिनु पर्ने व्यवस्था गरिनेछ । यस प्रयोजनको लागि सम्वन्धित कर कार्यालयलाई नगरपालिकाबाट कर चुक्ता प्रमाण पत्र प्राप्त भए पछि मात्र त्यहाँबाट त्यस्तो प्रमाण पत्र जारी गर्ने गरी व्यवस्थापन गर्न अनुरोध गरिनेछ।

२) उपमहानगरपालिका क्षेत्रमा दर्ता भै व्यवसाय गर्ने संस्थालाई कर चुक्ताको प्रमाण पत्र पेश नगरेमा त्यस्तो संस्था सँग नगरपालिककाले कुनै आर्थिक कारोवार गर्ने छैन ।

२३. किस्तामा कर तिर्न सकिने:(१) उपमहानगरपालिकाबाट निर्धारण भएको कर करदाताको अनुरोधमा नगरकार्यपालिकाले उपयुक्त ठहराएमा २ वा ३ किस्तामा तिर्नु पर्ने गरी कायम गर्न सकिने छ ।

२४. करदाताको पहिचान तथा दर्ता :

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

१)व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

२)कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ।

३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाईलाई कुनै स्रोतबाट प्राप्त सुचना र सो एकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ ।

५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ ।

२५. करदाताको दायित्वः यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

क. आफूलाई करदाताको रुपमा दर्ता गराउने,

ख. निर्धारित समयमा विवरण पेश गर्ने,

ग. निर्धारित समयमा कर रकम दाखिला गर्ने,

घ. यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनुपर्ने भए समयमा बुझाउने,

ङ. हिसाव किताब र अभिलेख दुरुस्त राख्ने

च. कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

छ. कर एकाईलाई आवश्यक सहयोग गर्ने ।

२६. करदाताको अधिकारः (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

क. सम्मानपूर्वक व्यवहारको अधिकार,

ख. प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग. कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ. प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखा परीक्षक नियुक्त गर्ने अधिकार,

ङ. कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ।

२७. विवरण दाखिला गर्न आदेश दिन सक्नेः (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ ।

२८. विवरण सच्याउन सकिनेःयस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्ने छ ।

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

२९. **कर दाखिला गर्नुपर्ने**:(१)यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरि दाखिला गर्नुपर्ने कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

३०. **कर दाखिलाको निस्सा दिनु पर्ने**: करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

३१. **कर फिर्ता सम्बन्धी व्यवस्था**: (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उप दफा (१) फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

३२. **कर समायोजन सम्बन्धी व्यवस्था**: (१) करदाताले दफा ३१ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उप दफा (२) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

३३. **उजुरी नलाग्ने**: यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

३४. **पुनरावेदन दिन सक्ने**: (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० (साठी) दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालत गरेको निर्णय अन्तिम हुने छ ।

३५. **अदालतलाई भए सरहको अधिकार हुने**: यस ऐनको प्रयोजनको लागि नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

३६. **आदेश वा निर्देशन दिन सक्ने**: संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यन्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु नगर कार्यपालिकाको कर्तव्य हुनेछ ।

३७. **पुरस्कृत गर्न सक्ने**: (१) नगरपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ ।

(२) प्रचलित कानून बमोजिम इमान्दारिता र निष्ठापूर्वक कर संकलनमा महत्वपूर्ण योगदान दिने राष्ट्रसेवक एक कर्मचारीलाइ पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

३८. **कर परीक्षण र कर निर्धारण:** (१) यसऐनं बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै कामःकुरा भएं गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुट्टा कागजात/ विवरण संकलन गरेको देखिएमा ।

(ग)यथार्थ कारोवार नदेखिएको विश्वास गर्नु पर्ने कारण भएमा ।

(घ)कारोवारका आधारमा करको दायित्व कम देखिएमा ।

(ङ) करको दर फरक पारेकोमा ।

(च) कानून वमोजिम कर- छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा(१) वमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेशगर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा(२) वमोजिमसूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) वमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानुन बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ ।

३९. **कर निर्धारणको सूचना:** (१) यसऐन वमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) यसऐन वमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्ने छ ।

(३) उपदफा(१) वमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) प्रस्तुत ऐन कार्यान्वयन गर्नको लागि नगरपालिकाले जुन सुकै अधिकृत स्तरको कर्मचारीलाई कर अधिकृतको रुपमा तोक्नेछ । निजले प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कार्य गर्नेछ ।

४०. **कर संकलन सम्बन्धी व्यवस्था:** (१) यसऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा प्रमुख प्रशासकीयअधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछ ।

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताको रकमबाट कट्टा गर्नलगाएर।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

(ङ) करदाताको कारोबार रोक्का गरेर ।

(च) करदाताको चल तथाअचल सम्पत्ति माथि दावी वा कब्जा गरेर ।

(छ)करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी तोकिय बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा(१) को खण्ड (६) बमोजिम् लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप ५ प्रतिशत शुल्क सहित असुल गरिनेछ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भए जति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा(३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलव्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

४१. <u>जरिवाना लाग्ने:</u> यसऐन पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

४२. <u>ब्याज लाग्ने:</u>यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत ब्याज लाग्नेछ ।

४३. <u>अभिलेख नराखेमा शुल्क लाग्ने:</u> यस ऐन बमोजिम अभिलेख राखुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु.१०००/- शुल्क लाग्नेछ ।

४४. <u>समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने:</u> यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१०००।- शुल्क लाग्नेछ ।

४५. <u>झुठ्ठा विवरण दिएमा शुल्क लाग्ने:</u> यस ऐन बमोजिम दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुठ्ठा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सो को दश प्रतिशत शुल्क लाग्नेछ।

४६. <u>ब्याज नलाग्ने:</u> यस ऐन बमोजिम लाग्ने शुल्क ब्याज र जरिवानामा पूनः ब्याज लाग्ने छैन।

४७. <u>कागजातको ढाँचा:</u> (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपर्युक्त देखिएमा उपमहानगरपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ ।

(२)उपदफा(१)बमोजिम आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि उपमहानगरपालिका कार्यालयको सूचना पाटी, वेबसाइट र स्थानीय पत्र पत्रिकाको मध्यमबाट उपलव्ध गराउन सकिने छ ।

४८. <u>सुचना तामेली रीत पुगेको मानिने:</u> (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाएमा वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ ।

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको

(ग) नवालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको

(घ) कार्यालय संस्था वा निकायको हकमा प्रवन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको

(ङ) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटरप्रविधिबाट ईनस्क्रिप्ट वा ईनकोड गरिएको, चाप लगाईएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिईएको कागजातलाई रीतपुर्वकको मानिनेछ ।

४९. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । कानुनमा स्पष्ट व्यवस्था नभएका शिर्षकमा दर कायम गर्नुपर्ने असुल उपर गर्नुपर्ने भएमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

५०. <u>कार्यविधि बनाउन सक्नेः</u>(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित नगरकार्यपालिका बाट स्वीकृत भई नगर राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

## अनुसूची -१

(ऐनको दफा २ को उपदफा (२) सँग सम्बन्धित)

### सम्पत्ति करको दर

| क.स. | मुल्यांकन | दर प्रतिशतमा |
|---|---|---|
| १ | १० लाख रुपैया सम्मको मुल्यांकनमा | एकमुष्ठ रु१००।- |
| २ | ११ लाख रुपैया देखि ५० लाख संम | ०.१५ |
| ३ | ५१ लाख देखि १ करोड सम्म | ०.२० |
| ४ | १ करोडदेखि २ करोड सम्म | ०.२५ |
| ५ | २ करोड देखि ५ करोड सम्म | ०.३० |
| ६ | ५ करोड देखि १० करोड सम्म | ०.३५ |
| ७ | १० करोड देखि २० करोड सम्म | ०.४० |
| ८ | २० करोड देखि ५० करोड सम्म | ०.४५ |
| ९ | ५० करोड भन्दा माथि | ०.५० |

*नोटः मूल्यांकन रकमलाइ रु.लाखमा (round Figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ र Round Figure मा लैजाँदा ५० हजार भन्दा कम भए तल्लो अंकमा र बढी भए उपल्लो अंकमा लगिने छ ।*

सम्पत्ति करको मूल्याङ्कन गर्ने तरिका

घरजग्गा करलाग्ने क्षेत्रको घरको बनोटको बर्गीकरण र मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

क घरको बनोटको बर्गीकरणः

१। भित्र काँचो बाहिरपाको ईटामा माटोका जोडाई भएका वा काँठ काठबाट बनेको र जस्ता, झिंगटी, टायल, एसवेस्टसको छाना भएको घर ।

२। भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट जोडाई भई बाहिरसिमेन्ट प्लाष्टर गरीछाना ढलान (आर.सि.सि. वा आ.सि.सि.) गरीएकोवा जस्ता, टायल, झिँगटी, एसवेस्टसको छाना भएको घर, गोदाम घर

३। भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लाष्टर गरी छाना ढलान ( आर.सि.सि. वा आ.सि.सि.)गरिएको घर

४। आर.सि.सि.फ्रेम स्ट्रक्चरमा लिफट/एस्कलेटर जडान भएको घर

५। स्टील फ्रेम स्ट्रक्चर, फ्रविडट्रस, फाईबर वा यस्तै संरचना

ख. घरको मुल्याङ्कन :

| घरको बनोट | प्रतिवर्ग फिंट रु. | प्रति वर्ष ह्रासकट्टी दर प्रतिशत | कट्टी गर्ने जम्मा वर्ष प्रतिशत |
|---|---|---|---|
| (अ) प्रकरण (क) (१) बमोजिमको घर | रु.६००।- | ३ | २५ |
| (आ) प्रकरण (क) (२) बमोजिमको घर | रु.७५०।- | २ | ३० |
| (इ) प्रकरण (क) (३) बमोजिमको घर | रु.१७५०।- | १ | ७० |
| (ई) प्रकरण(क)(४)बमोजिमकोघर | रु.२२००।- | ०.७५ | १०० |
| (उ)प्रकरण(क)(५)बमोजिमकोघर | रु.१८००।- | ०.७५ | १०० |

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

अनुसूची -२

(ऐनको दफा ३ सँग सम्बन्धित)

भूमीकर (मालपोत) ११३१४

| क्षेत्र | जग्गाक्षेत्रफल (कठ्ठामा) | बर्गिकरण र दर रकम रु (प्रतिकठ्ठा) | | | |
|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चहार |
| हाइवे संग जोडिएको पिच | ० देखी ५ सम्म | १०० | ८० | ६० | ४० |
| | ५ देखि १० सम्म | १२० | १०० | ८० | ६० |
| | १० देखि २० सम्म | १४० | १२० | १०० | ८० |
| | २० भन्दा माथि | १६० | १४० | १२० | १०० |
| भित्रको पिच/ ढलान | ० देखी ५ सम्म | ५० | ४० | ३० | २० |
| | ५ देखि १० सम्म | ६० | ५० | ४० | ३० |
| | १० देखि २० सम्म | ७० | ६० | ५० | ४० |
| | २० भन्दा माथि | ८० | ७० | ६० | ५० |
| ग्राभेल/कच्ची बाटो | ० देखी ५ सम्म | ४० | ३० | २० | १५ |
| | ५ देखि १० सम्म | ५० | ४० | ३० | २० |
| | १० देखि २० सम्म | ६० | ५० | ४० | ३० |
| | २० भन्दा माथि | ८० | ७० | ६० | ५० |
| ग्रामिण क्षेत्र | ० देखी ५ सम्म | २५ | २० | १५ | १० |
| | ५ देखि १० सम्म | ३० | २५ | २० | १५ |
| | १० देखि २० सम्म | ३५ | ३० | २५ | २० |
| | २० भन्दा माथि | ४० | ३५ | ३० | २५ |
| *उद्योग तथा व्यवसायिक प्रतिष्ठानका लागी प्रति कठ्ठा रु २५०।- का दरले | | | | | |
| * कृषि फर्म वा सहकारीको कृषि प्रयोजन गर्ने जग्गामा व्यक्ति सरहको नै दर रेट लाग्नेछ । | | | | | |

डा. कृष्ण प्रसाद पौडेल
प्रमुख

अनुसूची

(ऐनको दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## घर जग्गा बहाल कर ११३२१

| क्र.स. | शिर्षक | दर प्रतिशतमा |
|---|---|---|
| १ | व्यवसायिक प्रयोजन (घर) | १० |
| २ | आवासीय प्रयोजन (घर) | १० |
| ३ | जग्गा वहाल | १० |

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

अनुसूची -४
(ऐनको दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

१. व्यवसाय इजाजत (दर्ता) दस्तुरको दर १४२५३

| क्र. सं | व्यवसायको किसिम | प्रस्तावित रकम रु |
|---|---|---|
| १ | एक लाख सम्म पूजि भएको व्यवसाय | ५००।- |
| २ | पाँच लाख सम्म पूजि भएको व्यवसाय | ८००।- |
| ३ | दश लाख सम्म पूजि भएको व्यवसाय | १२००।- |
| ४ | पचास लाख सम्म पूजि भएको व्यवसाय | २०००।- |
| ५ | एक करोड सम्म पूजि भएको व्यवसाय | ३०००।- |
| ६ | पाँच करोड सम्म पूजि भएको व्यवसाय | ५०००।- |
| ७ | दश करोड सम्म पूजि भएको व्यवसाय | १००००।- |
| ८ | पच्चिस करोड सम्म पूजि भएको व्यवसाय | १५०००।- |
| ९ | पचास करोड सम्म पूजि भएको व्यवसाय | २५०००।- |
| १० | पचास करोड भन्दा बढीएक अर्ब सम्म पूजि भएको व्यवसाय | ३५०००।- |
| ११ | एक अर्ब भन्दा माथि पूँजी भएको व्यवसाय | ५००००।- |

स्पष्टिकरण: व्यवसायकर लिई व्यावसाय नविकरण गरिने छ। व्यवसायकरको दर अनुसूचि ५ मा राखिएकोछ।

व्यवसाय सूचिकृतको लागि दस्तुर

| | | |
|---|---|---|
| १ | बैंक तथा वित्तीय संस्था / विमा कार्यालयहरुको शाखा कार्यालय | रु ४०००।- |
| २ | उद्योग तथा आयात निर्यात कंपनीहरुको शाखा कार्यालय | रु ३००० |
| ३ | अन्य क्षेत्रका निर्माण व्यवसायीहरु | रु २५००।- |
| ४ | अन्य विविध क्षेत्रका शाखा कर्यालयहरु | रु २०००।- |
| ५ | गैर नाफामुलक तथा तालिम प्रदायक संस्थाहरु सूचीकृत को लागि | रु १०००।- |

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

अनुसूची -५

(ऐनको दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

**ब्यवसाय करको दर १४६११**

| सि.नं. | ब्यावसायको प्रकृति | आ.व.०७८/७९ को दररेट |
|---|---|---|
| १ | मदिरा र सुर्तिजन्य पदार्थको विक्री | |
| १.१ | थोक विक्रेता(मदिरा, चुरोटको डिलर, सूर्ति प्याकेटिङ्ग गर्नेहरुका लागी) | ५०००।- |
| १.२ | खुद्रा(मदिरा,चुरोट, सूर्ति प्याकेटिङ्ग गर्नेहरुका लागी) | ३०००।- |
| २ | हल्का पेय पदार्थ | |
| २.१ | थोक | २००० |
| २.२ | खुद्रा | १००० |
| ३ | ईलक्ट्रीहाकल र ईलेक्ट्रोनिक्स सामान बिक्रेता | |
| ३.१ | दुबैको थोक | १५०० |
| ३.२ | खुद्रा | १००० |
| ३.३ | कम्पुटर र टिभि सम्वन्धी पसल | १५०० |
| ३.४ | कम्पुटर र भाषा इन्ष्टिच्युट | १२०० |
| ३.५ | कम्पुटर टि. भि. मर्मत केन्द्र | १००० |
| ३.६ | घडी रेडीयो तथा भिडियो सि.डि. विक्रेताको लागी | १००० |
| ३.७ | मोबाईल र पार्टस विक्रेताको लागी | १००० |
| ४. | हार्डवियर (निर्माण सामाग्री) | |
| ४.१ | थोक विक्रेता (सिमेन्ट, छड, रंग रोगन जन्य समान) | ५००० |

प्रमुख

| | | |
|---|---|---|
| ४.२ | खुद्रा विक्रेता (सिमेन्ट, छड, रंग रोगन अन्य समान) | २५०० |
| ४.३ | घर सजावटका समानहरुको विक्रेताको लागी | १००० |
| ४.४ | ईटा विक्रेता | १००० |
| ४.५ | सिमेन्ट् विक्रेताको | १५०० |
| ४.६ | प्लाईउड सिसा,कार्पेट, फ्रेम थोक | २००० |
| ४.७ | प्लाईउड सिसा,कार्पेट, फ्रेम खुद्रा | १२०० |
| ५ | पेट्रोलियम पदार्थ, पेट्रोल पम्प तथा ग्याँस बिक्रेता | |
| ५.१ | पेट्रोल तथा डिजेल दुवै बिक्रेताको लागि | ५००० |
| ५.२ | डिजेल मात्र बिक्री गर्नेहरुको लागि | १००० |
| ५.३ | मट्टीतेल डिलरहरुको लागि | १००० |
| ५.४ | ग्याँस डिलरहरुको लागि | १००० |
| ५.५ | अन्य | २००० |
| ६ | कपडा पसल फेन्सी सहित | |
| ६.१ | थोक विक्रेता | २००० |
| ६.२ | अन्य तयारी थान कपडा, फेन्सी | १००० |
| ६.३ | सिलाई सम्वन्धी सामाग्री।(टाँक धागो लगायतका समान बिक्री पसल) | ५०० |
| ७ | खाधान्न गल्ला तथा किराना पसल | |
| ७.१ | थोक विक्रेता | २००० |
| ७.२ | खुद्रा पसल | १००० |
| ८ | मासु बिक्रेता | |
| ८.१ | धेरै थरिका मासु बिक्रेताको लागि | १५०० |
| ८.२ | एकथरिका मात्र मासु बिक्रेताको (फ्रेस हाउस) | १२०० |
| ९ | सुनचाँदी तथा गरगहना | |
| ९.१ | सुनचाँदी तथा गहनाहरुको खरिद बिक्री गर्ने ठुला | ३००० |

प्रसाद पौडेल
प्रमुख

| | | |
|---|---|---|
| | बिक्रेताको लागि | |
| ९.२ | सुनचाँदी तथा गहनाहरुको खरिद बिक्रि गर्ने (सोरुम सजावट भएकालाई) बिक्रेताको लागि | १५०० |
| ९.३ | ज्याला मात्र लिई सुनचाँदी तथा गहनाहरुको सम्बन्धि काम गर्ने (ज्यासल) | १००० |
| ९.४ | रोल्डगोल्ड विक्रेता | १२०० |
| १० | **श्रृंगारका, खेलौना तथा उपहार (गिफ्ट) सामानहरु** | |
| १०.१ | बजार क्षेत्रका थोक बिक्रेताको लागि | १००० |
| १०.२ | ग्रामीण क्षेत्रका श्रृगांर सामानका बिक्रेताको लागि | ५०० |
| १०.३ | खेलौना तथा गिफ्ट बिक्रेता | ६०० |
| ११ | **मेशिनरी तथा सवारी साधन र सो सम्बन्धि पार्टस** | |
| ११.१ | मेशिनरी तथा सवारी साधन सम्बन्धी पार्टस बिक्रेता | २५०० |
| ११.२ | मोटरसाईकलको स्थानीय आधिकारीक बिक्री शो रुम सहित सर्भिसिङ्ग सेन्टरहरु | ५००० |
| ११.३ | हेभी सवारी साधनहरु (बस, ट्रक, डोजर, लोडर आदी) बिक्रेताको लागि | १५००० |
| ११.४ | हल्का साधनहरु (जिप, कार आदि) बिक्रेताको लागि | १०००० |
| ११.५ | टेम्पो, ट्रेक्टर तथा ई रिक्सा सवारी साधनहरुको बिक्रेताको लागि | ६५०० |
| ११.६ | मोबिल डिलर | २५०० |
| ११.७ | टायर बिक्री डलर | २५०० |
| १२ | **पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री** | १००० |
| १३ | **स्वास्थ्य सेवा** | |
| १३.१ | थोक तथा खुद्रा बिक्री सहित क्लीनिक भएकाहरुको लागि | ३००० |
| १३.२ | औषधी बिक्रेताहरुको लागि मात्र | २००० |
| १३.३ | सर्जिकल पसल | २००० |

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

| | | |
|---|---|---|
| १३.४ | चस्मा (अप्टीकल सेवा) मर्मत तथा बिक्री गर्ने बिक्रेताहरुको लागि | १००० |
| १३.५ | हस्पिटल | १०००० |
| १३.६ | क्लिनिक | ३००० |
| १४ | कृषीजन्य औषधी, बिउ बिजन तथा मलखाद | |
| १४.१ | कृषी तथा भेटनरी औषधि सहित मलखाद र बिउ बिजन समेत बिक्रेताको लागि | १५०० |
| १४.२ | कृषी तथा भेटनरी औषधि तथा मलखाद्य बिक्रेता | १५०० |
| १४.३ | कृषी तथा भेटनरी औषधि मात्र बिक्रेताको लागि | १५०० |
| १४.४ | मलखाद र बिउबिजन बिक्रेताको लागि | १५०० |
| १५ | जुत्ता तथा चप्पल सम्बन्धि | |
| १५.१ | सुवरुम सहित स्वदेशी तथा विदेशी जुत्ता चप्पल बिक्रेताहरुको लागि | २००० |
| १५.२ | अन्य जुत्ता चप्पल बिक्रेताहरुको लागि | १५०० |
| १५.३ | परम्परागत सिपबाट घरेलु उत्पादन गरि बिक्री गर्ने बिक्रेताहरुको लागि | १००० |
| १६ | भाँडा पसलहरु | |
| १६.१ | तामा, पित्तल, स्टिल तथा आल्मुनियमका भाँडा बिक्रेताको लागि | २००० |
| १६.२ | प्लास्टिक जन्य भाँडा बिक्रेताको लागि | १००० |
| १६.३ | माटोका भाँडा बिक्रेताको लागि | ५०० |
| १७ | फर्निचर सम्बन्धि | |
| १७.१ | तेश्रो मुलुकबाट आयातित सामान बिक्रेताको लागि | ५००० |
| १७.२ | काठ, स्टिल, प्लाष्टिक सामान सहित कार्पेट समेत बिक्री गर्ने बिक्रेताको लागि | ३००० |
| १७.३ | काठ, तथा स्टिलका मात्र सामान बिक्री गर्ने बिक्रेताको लागि | ३००० |

कृष्ण प्रसाद पौडेल
प्रमुख

| | | |
|---|---|---|
| १८ | तरकारी तथा फलफुल | |
| १८.१ | तरकारीका थोक बिक्रेताका लागि | १५०० |
| १८.२ | तरकारीका खुद्रा बिक्रेताका लागि | ८०० |
| १८.३ | फलफुलको थोक बिक्रेताको लागि | १५०० |
| १८.४ | फलफुलको खुद्रा बिक्रेताको लागि | ८०० |
| १९ | हस्तकलाका सामानहरु बिक्री गर्नेलाई | |
| १९.१ | स्थानिय कच्चा पदार्थबाट उत्पादन गरि बिक्री गर्ने | १०० |
| १९.२ | सामान आयात गरि बिक्री गर्ने | १००० |
| २० | बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | |
| २०.१ | दुई जना वा दुई जना भन्दा बढीको संलग्नामा सामुहिक रुपमा परामर्श वा कन्सल्टेन्ट सेवा दिने | १०००० |
| २०.१.१ | एक जनाको संलग्नातामा परामर्श वा कन्सल्टेन्ट सेवा दिने | ५००० |
| २२ | संस्थागत पेन्टर/रंग व्यवसाय | |
| २२.१ | संस्थागत पेन्टर | १००० |
| २३ | निर्माण व्यवसायः उपमहानगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | २०००० |
| २४ | दुग्ध चिस्यान केन्द्र/दुध डेरी | |
| २४.१ | ५०० लि. भन्दा बढी भण्डारण गर्ने | २००० |
| २४.२ | ५०० लि. भन्दा कम भण्डारण गर्ने | १२०० |
| २४.३ | दुध डेरी पसल | १००० |
| २५ | व्यवसायिक कृषी तथा पशु फर्महरु | ८०० |
| २६ | ग्रामीण कुखुरा पालन गर्नेहरुको लागि | ६०० |
| २७ | व्यवसायीक नर्सरी | ५०० |
| २७.१ | व्यवसायीक नर्सरी गर्नेहरुलाई | ५०० |

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

| | | |
|---|---|---|
| २७.२ | फुल तथा बिरुवा सम्बन्धी | २०० |
| २८ | रिसोर्टहरु तथा ठुला मोटल तथा होटलहरु | |
| २८.१ | रिसोर्टहरु व्यवसायीहरुको लागि | १०००० |
| २८.२ | २ तारे सम्मका होटलहरु | १५००० |
| २८.३ | ३ तारे भन्दा माथिका तारे होटलहरु | २०००० |
| २८.४ | पार्टी प्यालेस | १०००० |
| २८.५ | लजहरु(होटल सहित) | ३००० |
| २८.६ | लजहरु (होटल रहित) | ३००० |
| २८.७ | खाना तथा नास्ता होटलहरु | ७०० |
| २८.८ | तोकिएको स्थान र समयमा संचालन हुने मोबाइल खाजा घर | ३०० |
| २८.९ | मदीरा सहितका नास्ता होटलहरु | २२०० |
| २८.१० | रेष्टुरेन्टहरु | ३००० |
| २९ | सेवा उद्योग | |
| २९.१ | कोल्ड स्टोरेज | १५०० |
| २९.२ | प्रेस (छापाखाना) तथा फ्लेक्स प्रिन्टस तथा अन्य प्रिन्टर्स सम्बन्धि | २००० |
| २९.३ | अफसेट प्रेस तथा फ्लेक्स प्रिन्ट्स दुबै भएकाहरुको लागि | २००० |
| २९.४ | अफसेट प्रेस भएका हरुका लागि | २००० |
| २९.५ | फ्लेक्स प्रेस तथा स्क्रीन प्रिन्टमात्रको व्यवसाय गर्नेहरुको लागि | २००० |
| ३० | बैकल्पिक उर्जा (गोवर ग्याँस सौर्य उर्जा कम्पनी आदी) | |
| ३०.१ | सोलार सम्बन्धि सेवा प्रदायक संस्थाहरु | ५००० |
| ३०.२ | गोबर ग्याँस सेवा प्रदायक कम्पनीहरु | ५००० |
| ३०.३ | सोलार सम्बन्धी सामान उत्पादन तथा बिक्री गर्ने व्यवसाय | २००० |

| | | |
|---|---|---|
| ३०.४ | गोबर ग्याँस सम्बन्धि सामान उत्पादन तथा बिक्री गर्ने व्यवसाय | २००० |
| ३१ | **कुटानी पिसानी मिल** | |
| ३१.१ | तेल, चालम, चिउरा आदी कुटानी पिसानी गरि बिक्री गर्नेलाई मिलहरुलाई | ८०० |
| ३१.२ | तेल, चामल, चिउरा आदी कुटानी पिसानी मात्र गर्ने मिलहरुलाई | ८०० |
| ३१.३ | पिठो तथा मसाला मिलहरुलाई | ८०० |
| ३२ | **चलचित्र भवन** | |
| ३२.१ | व्यपारिक कम्प्लेक्स सहितको चलचित्र हल | १५००० |
| ३२.२ | चलचित्र भवन मात्र | १०००० |
| ३३ | **निर्माण उद्योग** | |
| ३३.१ | व्यापारिक कम्प्लेक्स | १५००० |
| ३३.२ | व्यापारिक कम्प्लेक्स भवन संचालन गर्नेहरु | १०००० |
| ३३.३ | आवासिय कम्प्लेक्स | ५००० |
| ३३.४ | आवासिय भवन संचालन गर्नेहरु | ३००० |
| ३४ | **संचार सेवा** | |
| ३४.१ | राष्ट्रिय स्तरको पत्र पत्रीका | १५०० |
| ३४.२ | स्थानिय स्तरको पत्र पत्रीका | १४०० |
| ३४.३ | अनलाईन खबर पत्रिकाहरु | १४०० |
| ३५ | **निजी संचार सेवा प्रदायक संस्थाहरु** | |
| ३५.१ | एफ.एम. हरु | २५०० |
| ३५.२ | स्थानिय टेलिभिजनहरु | २५०० |
| ३५.३ | साईबर तथा कम्युनिकेशन सेन्टरहरु | २५०० |
| ३५.४ | निजी क्षेत्रका ईन्टरनेट प्रदायक संस्थाहरु | २५०० |

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

| | | |
|---|---|---|
| ३५.५ | निजी टेलिफोन प्रदायक संस्थाहरु | २५०० |
| ३५.६ | निजी क्षेत्रका हुलाक तथा कुरीयर सेवा | १००० |
| ३५.७ | पार्सल कुरीयर सेवाको मुख्य कार्यालय भएकाहरुलाई | १५००।- |
| ३५.८ | पार्सल कुरीयर सेवाको शाखा कार्यालय भएकाहरुलाई | १०००।- |
| ३६ | बित्तिय सेवा/सहकारी | |
| ३६.१ | क वर्गको बाणिज्य बैंक | २०००० |
| ३६.२ | ख वर्गको विकास बैंक | १५००० |
| ३६.३ | बित्तिय संस्था | ७००० |
| ३६.४ | काउन्टर थप भएमा प्रति काउन्टर | ३००० |
| ३६.५ | बिमा एजेन्सीहरु तथा कार्यालयहरु लागि | ७००० |
| ३६.६ | विदेशी मुद्रा सटही | ५००० |
| ३६.७ | मनी ट्रान्सफरहरुको लागि | ५००० |
| ३६.८ | एक्सटेन्सन काउन्टर | ५००० |
| ३६.९ | सहकारी बैंक | १०००० |
| ३६.१० | धितोपत्र कारोबार शाखा कार्यालय | ५००० |
| ३६.११ | बचत तथा ऋण सहकारी संस्थाहरु | २००० |
| ३६.१२ | बहुउद्देश्य सहकारी संस्था | २००० |
| ३६.१३ | कृषि सहकारी संस्था | १००० |
| ३६.१४ | उपभोक्ता सहकारी संस्था | १५०० |
| ३७ | प्रशिक्षण केन्द्र (इन्स्टिच्युट) हरु | |
| ३७.१ | कम्प्युटर प्रशिक्षण केन्द्रहरु | ३००० |
| ३७.२ | भाषा प्रशिक्षण केन्द्रहरु सम्बन्धित | ३००० |
| ३७.३. | ट्युसन तथा कोचिङ्ग सेन्टरहरु (व्यक्तिगत) | ३००० |
| ३७.४ | ट्युसन तथा कोचिङ्ग सेन्टरहरु (संस्थागत) | ३००० |
| ३७.५ | सिलाई/ बुनाई तथा हस्तकला सम्बन्धि प्रशिक्षण केन्द्रहरु | २००० |

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

| | | |
|---|---|---|
| ३७.६ | अन्य तालिम/ अनुसन्धान तथा शिक्षण तालिमहरु केन्द्रहरु | ३००० |
| ३८ | **ईन्जिनियरिङ्ग वर्क्स** | |
| ३८.१ | क बर्गका ईन्जिनियरिङ वर्क्स | ५००० |
| ३८.२ | ख बर्गका ईन्जिनियरिङ वर्क्स | २००० |
| ३९ | **सवारी साधन मर्मत** | |
| ३९.१ | बस, ट्रक तथा ठुला सवारी साधन मर्मत गर्ने | २५०० |
| ३९.२ | जिप, कार तथा हल्का सवारी साधन मर्मत गर्ने | २००० |
| ३९.३ | टेम्पो तथा टेक्टर मर्मत गर्नेलाई | १००० |
| ३९.४ | मोटरसाईकल मर्मत गर्ने | १००० |
| ३९.५ | बडी बिल्डर्सका लागि | ३२०० |
| ३९.६ | टायर रिसोलिङ्ग | १४०० |
| ३९.७ | टायर खोल फिट तथा हावा भर्ने | ८०० |
| ३९.८ | ब्याट्री मर्मत | ५०० |
| ३९.९ | सिट हुड बनाउने व्यवसायीलाई | १००० |
| ३९.१० | फ्युल पम्म तथा पानी तान्ने पम्म मर्मत | १५०० |
| ३९.११ | मिलहरुको पार्टस तथा अन्य सामान्य मेशिनरी पार्टस मर्मत गर्ने | १५०० |
| ४० | **अन्य मर्मत सेवा** | |
| ४०.१ | रिक्शा साइकल | ५०० |
| ४०.२ | ईलेक्ट्रोनिक्स तथा इलेक्ट्रिक्स सामानहरुको मर्मत गर्ने व्यवसायीहरुलाई | १२०० |
| ४०.३ | स्टोभ, छाता टर्च लाईट जुत्ता, झोला, आदी | ५०० |
| ४०.४ | सिलाई मेशिन तथा अन्य घरायसि सामानहरु मर्मत गर्नेलाई | ५०० |
| ४०.५ | रेडीयो, टि.भी. घडी मोबाईल तथा टेलिफोन सेट आदी मर्मत | ५०० |

| | | |
|---|---|---|
| ४०.६ | कम्प्युटर, प्रिन्ट तथा फोटोकपी मर्मत गर्ने व्यवसायीलाई | १००० |
| ४१ | **विज्ञापन सेवा** | |
| ४१.१ | विज्ञापन एजेन्सीहरुका लागि | १५०० |
| ४१.२ | बैदेशिक रोजगार सेवा | १५०० |
| ४१.३ | स्वदेशी रोजगार सेवा | १००० |
| ४१.४ | सेक्रेटेरियल सेवा | १००० |
| ४१.५ | मुख्य कार्यालय भएकाहरुको लागि | ३००० |
| ४१.६ | शाखा कार्यालयहरुको लागि | २००० |
| ४२ | **हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद बिक्री — रियल स्टेट** | |
| ४२.१ | मुख्य कार्लय भएकाहरुको लागि | २०००० |
| ४२.२ | शाखा कार्यालयहरुको लागि | १५००० |
| ४३ | **सामान ढुवानी कर्ता तथा कम्पनी** | |
| ४३.१ | दैनिक उपभोग्य बस्तु | १५०० |
| ४३.२ | स्वदेश भित्रै लेवर तथा कामदार | १५०० |
| ४३.३ | अन्य सामाग्री | ५००० |
| ४४ | **ब्युटी पार्लर तथा हजाम सेवा** | |
| ४४.१ | श्रृंगारको सामान सहित ब्युटी पार्लर गर्नेहरुलाई | १००० |
| ४४.२ | ब्युटी पार्लर मात्र गर्ने व्यवसायीहरुलाई | ५०० |
| ४४.३ | सैलुनहरुलाई | १००० |
| ४४.४ | मसाज पार्लर तथा स्पा | १५०० |
| ४४.५ | ड्राई क्लिनर्स | १००० |
| ४५ | स्टुडियो, डिजिटल कलर ल्याब भएकाहरुलाई | १००० |
| ४६ | सिलाई तथा बुनाई गर्ने | १००० |
| ४६.१ | बजार क्षेत्रमा कपडा सहित सिलाई बुनाई गर्नेहरुलाई | १५०० |

[stamp] प्रसाद पौडेल
प्रमुख

| | | |
|---|---|---|
| ४६.२ | सिलाई बुनाई मात्र गर्ने हरुलाई | १००० |
| ४७ | साईनबोर्ड बनाउने तथा पेन्टिङ्ग गर्ने | |
| ४७.१ | डिजिटल मेशिन समेत राखि काम गर्ने बजार क्षेत्रलाई | १००० |
| ४७.२ | ग्रामीण क्षेत्रकालाई | ८०० |
| ४८ | पशु बधशाला | ५००० |
| ४९ | क्याटरिङ्ग | |
| ४९.१ | क्याटरिङ्ग तथा टेण्ट दुबैको लागि | १५०० |
| ४९.२ | टेण्टहरुको लागि मात्र | १००० |
| ५० | केबल नेटवर्किङ्ग व्यवसाय | २५०० |
| ५१ | अन्य व्यवसायः- | |
| ५१.१ | व्यवसायीक रुपमा पार्क तथा पिकनिक स्थल संचालन गर्ने व्यवसायलाई | १५०० |
| ५१.२ | पर्यटक तथा तिर्थ यात्रीहरुको सेवा प्रदान गर्नेहरुको लागि | १५०० |
| ५१.३ | शारिरीक व्यायम क्लब हरुको लागि | २००० |
| ५२ | कबाडी सामान व्यवसाय | |
| ५२.१ | क बर्गको कबाडी सामान व्यवसायीहरुको लागि | २५००. |
| ५२.२ | अन्य साना कबाडी समान व्यवसायीहरुको लागि | १५०० |
| ५३ | उद्योगहरु | |
| ५३.१ | साना उद्योग | १००००।- |
| ५३.२ | मझौला उद्योग | २५०००।- |
| ५३.३ | ठुला उद्योग | ४००००।- |
| ५४ | निजी शैक्षिक क्षेत्रहरु | |
| ५४.१ | क्याम्पस स्तर | ७०००।- |
| ५४.२ | मा.वि. स्तर | ६०००।- |
| ५४.३ | नि.मा.वि. स्तर | ४०००।- |
| ५४.४ | प्र.वि. स्तर | ३०००।- |
| ५४.५ | कक्षा ८ को ग्रेडसिट प्रतिलिपी शुल्क | २००।- |

माथि उल्लेख नभएको व्यवसायको हकमा निम्नानुसारको व्यवसाय कर लागु गरिनेछ

| | | |
|---|---|---|
| १. | एक लाख सम्म पूँजि भएको व्यवसाय | ३००।- |
| २. | पाँच लाख सम्म पूँजि भएको व्यवसाय | ५००।- |
| ३. | दश लाख सम्म पूँजि भएको व्यवसाय | ८००।- |
| ४. | पचास लाख सम्म पूँजि भएको व्यवसाय | १५००।- |
| ५. | एक करोड सम्म पूँजि भएको व्यवसाय | ५०००।- |
| ६. | पाँच करोड सम्म पूँजि भएको व्यवसाय | १००००।- |
